कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY साप्ताहिक

वर्ष ४ अंक ४१ (संयुक्तांक १९५) ने. सं. ११३५ तछलाथ्व दुतिया बुधवाः २०७२ जेठ ६ गते बुधवार (May-20, 2015) पृष्ठ १० मूल्य रु.५/-

## महाभुकम्पपछि पुनःनिर्माण र नव निर्माणका लागि

# चीन–जापान प्रविधि, विदेशी सहयोग र नेपाली श्रमको संयोजन

**कीर्तिपुर सन्देश साप्ताहिक**

गत बैशाख १२ गते आएको महाभूकम्प पछि अब नेपालमा के कसरी पुनः निर्माण र नव निर्माण गर्न सकिन्छ भन्ने विषयमा नेपाली राजनीतिमा बहस सुरु भएको छ ।

महाभुकम्पले धेरै धनजनको क्षति भएको अवस्थामा अन्तर्राष्ट्रिय क्षेत्रवाट व्यापक रुपमा सहयोग आएको थियो् । विदेशी सहयोग संगसंगै पहिलो चरणको कार्य उद्धार गर्ने काम लगभग सकिएको अवस्था छ ।

अव दोस्रो चरणको कार्यको रुपमा घर नभएकाहरुलाई अस्थायी वसोवास गर्नका लागि व्यवस्था गर्ने हो । त्यसका लागि पनि विदेशीदेखि नेपाली संघ संस्था र नेपाल सरकारले पनि लागातार रुपमा कार्य गरिरहेको छ ।

भुकम्प पछि अव गर्नुपर्ने तेस्रो चरणको कार्य भनेको पुनः निर्माण र नव निर्मिाण हो । नेपालका सम्पदाहरु पुनः निर्माण गर्नुपर्ने अवस्था छ । वस्ती वस्तीमा गाउँघर निर्माणको सवालमा नव निर्माण गर्नुपर्ने अवस्था छ । पुनः निर्माण भनी विगतमा जस्तै किसिमको घरदेखि सम्पदा निर्माण गर्न खोजियो भने फेरी अर्को पटक भुइचालो आउँदा क्षति हुन सक्दछ । त्यसैले अहिलेको अवस्थामा सम्पदाहरु पुरानै देखिनेगरि अहिलेको आधुनिक प्रविधिलाई समेत प्रयोग गर्नुपर्छ ।

भुकम्पवाट क्षति नहुने किसिमको प्रविधिवाट घरदेखि सम्पदा सम्म निर्माणका लागि जापान र चाइनाको प्रविधिलाई उपयोग गर्नु पर्दछ । किन कि जापानमा लगातार भुइचालो आइरहने र त्याहाँका प्रविधिहरु नेपालमा पनि प्रयोग गर्न सकियो भने राम्रो हुने परराष्ट्रविद हिरण्यलाल श्रेष्ठ बताउनु हुन्छ ।

उहाँले चीनमा पनि केहि महिनाभित्रै वस्ती र शहर नै निर्माण गर्ने क्षमता रहेको कारण चीन र जापानको प्रविधिलाई उपयोग गर्न सक्नुपर्ने समेत बताउनु हुन्छ ।

नेपालमा महाभुकम्प पछि पुनः निर्माण र नव निर्माणका लागि अन्तर्राष्ट्रिय जगत सहयोग गर्न तयार रहेको अवस्था छ । गत शुक्रवार मात्रै संयुक्तराष्ट्र संघको साधारण सभाको बैठकमा एक सय २७ मुलुकले नेपालका लागि अन्तर्राष्ट्रिय सहयोग गर्ने प्रस्ताव राखेको र सर्व सहमतिवाट पारित गरेको थियो । यसको अर्थ अव नेपालका लागि अन्तर्राष्ट्रिय जगतवाट आवश्यकता अनुसारको सहयोग आउने छ ।

यसै वीच नेपाल सरकारले अन्तराष्ट्रिय स्तरको दाताहरको सम्मेलन दुई महिना भित्रमा गर्ने तयारी गरेको छ । अमेरिका, चीन, भारत, जापानदेखि युरोपियन युनियनले समेत आफूहरु सो सम्मेलनमा सहभागी हुने र सक्दो सहयोग गर्ने बताइरहेका छन् । सो सम्मेलनमा विभिन्न मुलुकका मन्त्रीहरु समेत सहभागी हुने बताइएको छ । हालै मात्र नेपाल सरकारले अन्तर्राष्ट्रिय दाताहरुको सहयोगका लागि नेपालमा सम्मेलन गर्न नेपालका परराष्ट्रविद्हरुको भेला समेत गरेको थाहा भएको छ ।

महाभुकम्प पछिको वर्तमान अवस्थालाई नेपालले नयाँ नेपाल निर्माणको लागि आएको अवसर र अन्तर्राष्ट्रिय जगतको अत्यन्तै ठूलो सहानुभुति र सहयोगलाई राम्रो रुपमा लिई अगाडी बढ्नुपर्ने आवश्यकता रहेको छ ।

## सरकारलाई पराष्ट्रविद्हरुको सुझाव

महाभुकम्प पछि नेपालमा पुनः निर्माण र नव निर्माणका लागि अन्तर्राष्ट्रिय जगत तयार रहेतापनि नेपाल सरकारप्रति पूर्ण रुपमा विश्वास गरिरहेको अवस्था देखिदैन । त्यसैले विभिन्न मुलुकले प्याकेजमा आफूहरुले नै पुनः निर्माण र नव निर्माण गरिदिने प्रस्तावहरु ल्याइरहेको समाचार प्राप्त भएको छ । विभिन्न मुलुक आफैले प्रत्यक्ष रुपमा काम गरी जस समेत लिन चाहने र भ्रष्टाचार नहोस भनी आफूहरु नै अगाडी आउन चाहेको पराष्ट्रविद्हरुले बताएका छन् । यसै वीच नेपालको पुनः निर्माण र नव निर्माणका लागि सहयोग हुने किसिमको नयाँ प्रस्ताव समेत पराराष्ट्रविद्हरुले ल्याएका छन् । नेपाल सरकार, दातृ निकाय र स्थानीय प्रतिनिधि सहितको संयन्त्र निर्माण गर्नुपर्छ भनी प्रस्ताव गरेका छन् । त्यसमा नेपाल सरकारले सहजीकरणको भूमिका निर्वाह गर्नुपर्ने समेत सुझाव दिएका छन् ।

**शिक्षक सेवा आयोग तयारी कक्षाहरु धमाधम सञ्चालन साँझ ५ बजे र विहान ६ बजे**

शिक्षा मन्त्रालय, शिक्षा विभाग अन्तर्गतका विज्ञ, अनुभवी तथा पुस्तक लेखकहरुबाट

**शिक्षकसेवा**

**आयोगको तयारीकक्षाहरु विहान ६ बजे साँझ ५ बजे नि.मा.वि.र मा.वि.**

**हाम्रा विशेषताहरु :**

- शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, विभिन्न तालिम केन्द्र तथा विश्वविद्यालयहरुमा कार्यरत अनुभवि प्रशिक्षक, सल्लाहकार विषयविज्ञ तथा पुस्तक लेखकहरुद्वारा कक्षा सञ्चालन ।
- प्रर्याप्त शिक्षण सिकाई सामग्रीहरु र श्रव्य/दृष्य कक्षाहरुको व्यवस्था ।
- सम्बन्धित विज्ञहरुद्वारा प्रत्येक हप्ता परीक्षा लिइने तथा लेखनसीप विकासको लागि बिशेष कक्षाहरुको व्यवस्था ।
- परीक्षा सम्बन्धी निःशुल्क विशेष परामर्शको व्यवस्था ।
- दैनिकरुपमा निःशुल्क नोटहरु दिइने र शैक्षिक सामान्य ज्ञानको परीक्षा हुने ।
- हरेक परीक्षाहरु शिक्षक सेवा स्तरको Model मा नै लिइने । थप bonus, revision र exam facing technique सम्बन्धी कक्षाहरुको व्यवस्था ।
- Valley Institute द्वारा लिइएको परीक्षाहरुमा लेखिएका कापीहरु उचित सुझाव सहित पुनः फिर्ता दिइने व्यवस्था ।

गत वर्षको परीक्षामा सर्वाधिक विद्यार्थी पास गराउन सफल

**Valley Institute Kirtipur**

NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509/9849421216



# मनोवैज्ञानिक प्राथमिक उपचार



**रकि महर्जन**

गत बैशाख १२ गते गएको विनाशकारी भुकम्प, त्यस पछि गइरहेका पराकम्पनले नेपालमा धेरै धनजनको क्षति भएको छ । यस भुकम्प र यससँग सम्बन्धित गलत हल्लाको कारणले मानिसहरुमा डर, त्रास र तनाव वढेको अवस्था छ। यस भुकम्पले हजारौं मानिसको ज्यान लिइसकेको छ भने त्यो भन्दा बढीको संख्यामा घाइते भैसकेको छ । लाखौं मानिस घरबार विहीन भैसकेको अवस्था छ । कयौं ऐतिहासिक र पुरातात्विक धरोहरहरु ध्वस्त भएको छ । एकातिर आफन्तजनको मृत्यू अर्कोतिर आफ्नो घर सम्पत्ति सवै माटोमा मिसिसकेको अवस्थामा हरेक मानिसलाई तनाव, भय उत्पन्न हुनु स्वाभाविक हो । यस्ता स्वाभाविक संवेग लामो समयसम्म मनभित्र गुम्सिरहेको खण्डमा विभिन्न मानसिक विचलनता देखिने विज्ञहरुले सचेत गराइसकेको अवस्थामा समयमा नै यसको रोकथाम गर्ने कदम नचालेमा दश वर्ष पछि एउटा जेनेरेशन नै मानसिक विचिलित हुने सम्भावना पनि नकार्न नसकिने कुरा विज्ञहरुले वताइसकेका छन् । यसै सन्दर्भमा ती मानसिक विचलनलाई न्यूनिकरण गर्न तथा सहज रुपमा सामान्य स्थितिमा ल्याउन मनोवैज्ञानिक प्राथमिक उपचार सहायक सिद्ध भएको उदाहरण अन्य देशहरुमा गरेका अभ्यासबाट प्रमाणित गर्दछ ।

मनोवैज्ञानिक प्राथमिक उपचार विपद् पछि त्यसबाट प्रभावित व्यक्तिहरुलाई सहयोग गर्ने विधि हो । जसरी शारीरिक प्राथमिक उपचारले घाइतेको अवस्था विग्रन दिदैन त्यसरी नै मनोवैज्ञानिक प्राथमिक उपचारले घाइतेका साथै शारीरिक चोट नभएका विपद्बाट प्रभावित हरुको मानसिक तथा मनोवैज्ञानिक स्वास्थ्य विग्रन नदिई तुरुन्तै पहिले कै अवस्थामा ल्याउन सहयोग गर्दछ। यसले प्रभावित व्यक्तिहरु र सहयोगको आवश्यक्ता पर्ने व्यक्तिलाई मानवीय, सहयोग प्रतिक्रिया प्रदान गर्दछ । यसले मनोसामाजिक सहयोग र हेरचाह गरी विपद्बाट हुने तनाव र त्रासलाई कम गराउन सहयोग गर्दछ। यसले मानसिक र सामाजिक रुपमा समायोजन गर्न र विपद्बाट आउने तनावलाई व्यवस्थापन गर्न मद्दत गर्दछ। यसले स्वाभाविक पुर्नस्थापना गर्न सहयोग गर्दछ । यसको प्रमुख उद्देश्य भनेको प्रभावित व्यक्तिहरुलाई आफैले आफूलाई सहयोग गर्न सक्छन् भन्ने महशुश गराउने हो । सन् २००२ देखि विश्व स्वास्थ्य संगठनले कुनै पनि विपद् पछि प्रभावितलाई तत्काल मनो सामाजिक सहयोग गर्न मनोवैज्ञानिक प्राथमिक उपचारको सिफारिस गरेको पाइन्छ। विश्व स्वास्थ्य संगठन (२०११) का अनुसार मनो वैज्ञानिक प्राथमिक उपचारमा निम्न कुराहरु हुन्छन् ।

–हस्तक्षेप नगरि व्यवहारिक हेरचाह र सहयोग प्रदान गर्ने –प्रभावितहरुको आवश्यक्ताहरु पहिचान गर्ने

–आधारभुत आवश्यक्ताहरु पूर्ति गर्न सहयोग गर्ने

–प्रभावित व्यक्तिहरुको कुरा सुनिदिने

–प्रभावितहरुलाई सहज र शान्त वनाउन सहयोग गर्ने

–प्रभावितहरुलाई सुचना, सेवा र सामाजिक सहयोगसँग जोड्न सहयोग गर्ने

–प्रभावितहरुलाई अझ हानी हुनबाट बचाउने

मनोवैज्ञानिक प्राथमिक उपचार प्रभावितहरुले अनुभव गरेका प्रतिक्रिया र पिडादायिक सम्वेगहरुलाई कम गराउने रणनिति हो । मानसिक र मनोवैज्ञानिक चोट सधैं शारीरिक चोट जस्तै बाहिरबाट देखिदैन तर त्यस्ता चोटले धेरै पीडा दिइरहेको हुन्छ भन्ने धारणामा मनोवैज्ञानिक प्राथमिक उपचार प्रयोग गरिन्छ ।

विपद्बाट प्रभावितहरुले शारीरिक, मनोवैज्ञानिक, सामाजिक, व्यवहारिक रुपमा विभिन्न प्रतिक्रियाहरु अनुभव गर्दछ जसले तनावलाई बढाउनुका साथै पुर्नस्थापना कार्यमा पनि वाधा पुऱ्याउँछ।

**मनोवैज्ञानिक प्राथमिक उपचारको उद्देश्यः**

**१. सुरक्षाः** डर र त्रासलाई न्यूनिकरण गरी आधारभुत आवश्यक्ता, स्वास्थ्य सेवा र सहि सुचनामा पहुँच पुऱ्याई प्रभावितहरुाई सुरक्षाको प्रत्याभुति दिनु यसको उद्देश्य हो । शारीरिक र संवेगात्मक रुपमा सहज महशुश गराई मनोवैज्ञानिक रुपमा सुरक्षित अनुभुति प्रदान गर्दछ ।

**२. शान्त र सहज बनाउनु :** तनावपूर्ण वातावरणलाई कम गराउने तथा प्रभावितहरुलाई कर नगरीकन उनीहरुको कुरा सुनिदिने, सहि सुचना दिने, तनाव र त्यसको व्यवस्थापन बारेमा जानकारी दिने जस्ता सहयोग गरि उनीहरुलाई शान्त र सहज बनाउने यसको उद्देश्य हो ।

३. **समाजसंग जोड्नु :** मनोवैज्ञानिक प्राथमिक उपचारकले व्यक्तिलाई उसको परिवार, साथीभाईसँग भेट गराइदिनुका साथै सेवा र स्रोतहरुसम्म पुग्न सहयोग गर्ने गर्दछ ।

४. **स्व सशक्तिकरणः** व्यक्तिहरुलाई आफ्नो आवश्यक्ता पुरा गर्न, निर्णय गर्न, समस्या लाई प्राथमिकताका साथ पहिचान गर्न, प्रतिकुल परिस्थितिसँग सामना गर्न सहयोग गर्ने गर्दछ ।

५. **आशा जगाउनुः** प्रभावितहरुमा पहिले कै अवस्थामा फर्कन सक्छ भन्ने कुरामा आशा जगाउने र यस्तो प्रतिकुल परिस्थितिमा अस्वाभाविक अनुभव गर्नु स्वाभाविक हो भन्ने कुरा विश्वस्त पार्दछ ।

मनोवैज्ञानिक प्राथमिक उपचारले कसरी काम गर्छ ?

१. विपद् पछि प्रभावित व्यक्ति पूर्वावस्थामा फर्कन सक्छ भन्ने अवधारणामा वनाइएको छ। यसले तनावलाई कम गराई स्वस्थ्य ढंगबाट पहिले कै अवस्थामा फर्कन सहयोग गर्दछ ।

२. यसले ३ एल मोडेलमा काम गर्छ । अर्थात् लुक (अवलोकन), लिसन (सुन्ने) र लिंक (जोड्ने) । प्रभावित र वरपरको वातावरणको सुरक्षा, तत्काल आवश्यक पर्ने आधारभुत आवश्यक्ता र उनीहरुले गर्ने प्रतिक्रियाहरुलाई अवलोकन गर्नुपर्दछ । उनीहरुको आवश्यक्ता र कुराहरु धैर्यका साथ सुन्नुपर्दछ। उनीहरुलाई आधारभुत आवश्यक्ता र सेवासम्म पुग्न सहयोग गर्नुका साथै परिवार र आफन्तसँग भेटघाट गराउन पनि सहयोग गर्नुपर्दछ ।

३. शुरुमा परिस्थितिलाई, प्रभावित व्यक्ति, आशा गरेका आवश्यक्ताहरु पहिचान गर्ने गर्दछ ।

४. प्रभावकारी मनोवैज्ञानिक प्राथमिक उपचारको पहिलो काम भनेकै तनावलाई शान्त गर्नु हो। शान्त मनले अरु कार्यहरु पनि प्रभावकारी ढंगबाट गर्न सक्छन् ।

५.यसले विपदको समयमा समुदायलाई शान्त बनाउन सहयोग गर्दछ ।

६. स्वयंसेवकले प्रभावितहरुको आवश्यक्ता अनुसार उनीहरुसँग कुराकानी गर्दछ। मनको कुरा व्यक्त गर्नु आफैमा एउटा उपचार हो । यसले मनमा भएको पीडा र भय कम गराउँछ ।

७. मनोसामाजिक सहयोग प्रभावितहरुको निणर्य गर्न प्रदान गरिन्छ । यसले उनीहरुमा आत्म विश्वास बढ्छ जसले गर्दा छिटो पहिले कै अवस्थामा फर्कन सक्छन् ।

८. यसले उनीहरुको अर्को कदममा के गर्ने भन्ने निक्र्यौल गर्न सहयोग गर्दछ ।

९. यसले प्रभावितहरुलाई उनीहरुको परिवार, आफन्त वा सहयोगीहरुसँग भेटघाट गराउन सहयोग गर्दछ । आधारभुत आवश्यक्ता जस्तै खाना, पानी, स्वास्थ्य सेवा, संचार आदिसम्म जोड्न मद्दत गर्दछ ।

पारिवारिक र सामाजिक सहयोग उपलब्ध गराउनु महत्वपूर्ण हुन्छ।

१०. यो सेवा प्रदान गर्न मनोविज्ञ वा मानसिक स्वास्थ्यकर्मी हुनुपर्छ भन्ने छैन । यो सेवा स्वयंसेवक वा राहतकर्मीले पनि प्रदान गर्न सक्छन् ।

११. विभिन्न अध्ययन अनुसार मनोसामाजिक सहयोग नपाएका प्रभावितहरुमा PTSD (Post Traumatic Stress Disorder) हुने सम्भावना उच्च हुन्छ।

१२. यसले उदारकर्मी, राहतकर्मी, स्वास्थ्यकर्मी र अन्य सहयोगी समूहसँग मिलेर सेवा प्रदान गर्दछ ।

American Psychology Society (APS, 2013) / World Health Organization (WHO, 2011) का अनुसार मनोवैज्ञानिक प्राथमिक उपचार

–मनोवैज्ञानिक उपचार होइन।

–विपद्को अनुभव र क्षतिको विवरण लिने होइन।

–रोगको निदान गर्ने होइन।–परामर्श होइन।

–पेशाकर्मी (विशेषज्ञ) ले मात्र गर्न सक्ने पनि होइन।

–प्रभावित हुने सबैलाई आवश्यक पनि होइन।




## राराहिलद्वारा २५० वटा त्रिपाल वितरण



राराहिल फाउण्डेशनले कीर्तिपुर क्षेत्रका भूकम्प पीडितहरुका लागि खुला आकाश मुनी बस्न नपर्ने गरी २५० वटा भन्दा बढी त्रिपाल कीर्तिपुरका विभिन्न स्थानमा वितरण गरिएको छ। अझ जस्तापाता पनि वितरण गर्ने तयारी भइरहेको थाहा भएको छ।

## सामुदायिक विपद् व्यवस्थापन समिति वडा नं. ९ द्वारा १२० घर टहरा बनाइदिने

गत बैशाख १२ गते र बैशाख २९ गते गएको महाभुकम्पले घरबार विहिन भएका कि.न.पा. वडा नं ९, १०, ११ र १२ पाँगाका भुकम्प पिडितहरुको लागि सामुदायिक विपद व्यवस्थापन समिति वडा नं.९ ले १२० घर टहरा बनाई दिने भएको छ। सो समितिका सक्रिय सदस्य श्री योगेश महर्जनका अनुसार विनाशकारी भूकम्पले घरबार विहिन भएका अति पिडित पाँगावासीलाई लक्ष्य गरेर १२० वटा घर टहरा बनाईदिने योजना रहेको छ। जस अन्तर्गत अहिलेसम्म ८५ वटा टहर ाका लागि प्रति घर २२ वटा जस्तापाटा, १२ वटा बाँस र जि.आई.तार वितरण गरिसकेका छन्। जसमध्ये अधिकांशको घर टहरा तयारी अवस्थामा पुगिसकेका छन्। "हाम्रो प्रारम्भिक तथ्याङ्क अनुसार मात्र २२७ घर पूर्ण क्षतिग्रस्त भएको देखिन्छ। पटक पटकको पराकम्पनले सो तथ्याङ्क अरु बढ्न सक्ने हाम्रो अनुमान छ।" सो समितिका सचिव श्री जनक लाल महर्जनले भन्नुभयो। उहाँका अनुसार सा. वि. व्य. स. वडा ९ को खातामा विभिन्न कामका सिलसिलामा विदेशमा पुग्नु भएका पाँगाबासीहरुले थप सहयोग गर्ने प्रतिवद्धता जनाउनु भएको छ।



त्यस सा. वि. व्य. स ९ द्वारा पिडितहरुको सही पहिचान गरी निश्पक्षताकासाथ प्राथमिकताको आधारमा वर्गिकरण गरी घर टहरा बनाउन निर्माण सामाग्री उपलब्ध गराइरहेको छ। जस अनुसार आर्थिक स्थिति साह्रै कमजोर, वैकल्पिक आवास नभएका, अशक्त, सुत्केरी, जेष्ठ नागरिक, एकल महिला पर्दछ।

"बजारमा जस्तापाता र बाँसको धेरै अभाव छ। हामीहरु धेरै हार्डवेयर पसलहरुमा जस्ता पाता र विभिन्न ठाउँमा गइ बाँसहरु खोजेर सामानहरु ल्याउँछौ। जब हामी पिडितहरुको जस्ता टहराको घर बनाएको निरिक्षण गर्न जान्छौ उनीहरुको मुस्कान देखेर हामीहरुलाई अझ काम गर्न थप उर्जा मिल्छ।" त्यस समितिका अर्का सदस्य श्री सुनिल महर्जनले बताउनु भयो। "घर टहरा बनाउन ठाउँ निक्यौल गर्नको लागि हाम्रो परिवारकै जग्गा, करेसावारी, बगैंचा पर्दछ। सो उपलब्ध नभएमा सार्वजनिक स्थान खुला चौरहरुमा घर टहरा बनाइदिन पहल गर्छौ। तेस्रोमा निजी जग्गा भाडामा लिएर भए पनि अस्थायी बसोबासको लागि घर टहरा बनाइ दिन्छौं।" सदस्य श्री विकास महर्जनले भन्नु भयो, "टहरा निर्माणको लागि शुरुमा हामीले दक्ष कामदारहरु भाडामा लिएर पिडित परिवारकै सहयोगमा बनाउने सोचेका थियौ। तर स्थानिय बासीहरुको स्वस्फूर्त सहभागितामा राम्रो टहरा बनाइरहेको हुनाले छुट्टै दक्ष कामदारहरुको व्यवस्था गर्नु परेन। यो हाम्रो लागि खुसीको कुरा हो।" गत बैशाख १२ गते आएको विनाशकारी भूकम्पमा पिडीतहरुलाई राहत दिन विभिन्न स्वदेश तथा विदेशका संघसस्था तथा व्यक्तिहरुबाट सा. वि. व्य. स वडा नं ९ को खातामा सहयोग रकम जम्मा भइरहेको छ। यसमा पाँगाका स्थानिय व्यक्तिहरु पाँगाकै यु.के, यु एस ए, तथा अस्ट्रेलियामा विभिन्न कामको सिलसिलामा रहनुभएका मित्रहरु तथा पाँगासँग नजिकको साइनो रहेका स्वीदीश, जापान लगायतका मित्रहरु रहनुभएको छ।

## राराहिल हेल्थ केयर यूनिटद्वारा भुकम्पपिडितलाई स्वास्थ्य सेवा प्रदान

राराहिल स्कुलमा संचालित राराहिल हेल्थ केयर यूनिटले गत बैशाख १२ गते आएको विनाशकारी भुकम्पले प्रभावित गरेका टोलवस्तीमा बैशाख १८ गते २० गते सम्म स्वास्थ्य शिविर संचालन गरि स्वास्थ्य सेवा प्रदान गरिएको छ। जुन निम्नानुसार रहेको छ।



२०७२-०१-१८

छाप

महिला-१४१

पुरूष-८७

जम्मा-२२८

तुसाल

महिला- ५७

पुरूष-३३

जम्मा -९०

जलविनायक

महिला -५

पुरूष -१२

जम्मा -१७

२०७२-०१-१९

नगाँउ तल

महिला- ११६

पुरूष- ७२

जम्मा -१७८

नगाँउ माथि

महिला- ८१

पुरूष- ४७

जम्मा -१२८

२०७२-०१-२०

बस्नेत गाउँ

महिला-३३

पुरूष-१७

जम्मा-४९

महिला-४३३

पुरूष-२५७

जम्मा- ६९०

यस camp मा देखा परेको समस्याहरू

–रिंगटा लाग्ने

–आँखा दुखेको

–शरीर दुख्ने, छाती, ढाड, खुट्टा दुख्ने खोकि लागेको एलर्जी

-Blood Pressure भएको

-कान कराउने

-ज्वरो

-रूघा खाकी

-घााउ खटीरा (skin allergy)

-पेट दुखेको

-वाक वाक लाग्ने

-निन्द्रा नलाग्ने

-Cut Injury

-टन्सिल

-कम्जारी

-आखाँमा चिप्रा लाग्ने

(स्वास्थ शिविर गरिएको ठाउँहरूमा आएको विरामीहरूमा देखिएमाा मुख्य समस्या

पाँगा ( इचाख्या)

-डा.अनन्त महर्जन

-डा. सोनी महर्जन

-सुश्री दिपमाला महर्जन

-श्री शिरिश महर्जन

-श्री निर्मल महर्जन

-सुश्री लिसा महजृन

संयोजक : प्रेमदास महर्जन

२०७२।०१।१८ गाम्चा (टुसाल)

-डा. मदन श्रेष्ठ

-डा. मनिल श्रेष्ठ

-श्री वाउ नेवा :

-श्री रामदास महर्जन

-सुश्री निश्चला महर्जन

-सुश्री लिसा महर्जन

-सुश्री सुस्मिता नगरकोटी


"Quality Education is our Commitment."

# MAGUS ENGLISH SCHOOL

Kirtipur-17, Nayabazar, Phone No. 4-333096

Announces

**Admission Open For the Session-2072**

Class-9 To From Playgroup



Hurry Up!

Limited Seats are available!

## Salient Features

- Led by professional academic team
- Theme based project work
- Child friendly environment
- Various co-curricular activities and educational outing
- Safe transportation
- Hygienic day meal and snacks
- Audio-Visual and e-classes
- Spacious playground
- Music, dance, sports & art classes
- Day Boarders (Proposed)

Forms and Prospectus are being distributed from school's office!

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह
व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

## विपदमा सरकारको राहत हात्तीको मुखमा जिरा

गत बैशाख १२ गते र बैशाख २९ गते आएको महा भुकम्पले नेपालको १४ जिल्लामा धेरै धनजनको नोक्सानी गरि दिएको छ। त्यसै सन्दर्भमा कीर्तिपुर नगरपालिकालाई पनि ठूलो प्रभाव पारेको छ। करीव ३ हजार घरहरु पूर्ण ध्वस्त भएका छन्। आंशिक क्षति नभएका त घरै छैन भने पनि हुन्छ। घर भत्केर बस्ने ठाउँ नभएकाहरु त खुल्ला ठाउँको बास हुने नै भयो। घर चर्केर भत्किने डरले पनि घर धनीहरु घर छाडेर चौरमा बस्न बाध्य भए। भुकम्प कहिले कसरी आउँछ कसैलाई थाहा छैन। घर भत्केर थिच्ने डर भए पछि घरबाहिर बस्ने स्वाभाविक नै हो।

यस्तो आपद्को बेला कीर्तिपुरमा देश चलाउने सरकार को के कुरा स्थानीय निकायका कर्मचारीहरु समेतको ४ दिनसम्म अत्तोपत्तो थिएन। कीर्तिपुर नगरपालिका कार्यालय नै कीर्तिपुरबाट चोभार सऱ्यो। जनताले भोक भोकै दिन काट्नु पऱ्यो। प्यासी भएर रात काट्नु पऱ्यो। यो देशमा सरकार छ भन्ने अनुभुति जनताले गर्न सकेन। आ-आफ्ना वडाहरुमा सक्रिए युवाहरुले विपद् व्यवस्थापन समितिहरु निर्माण गरेर विपदमा परेकाहरुको सहयोग गर्न सुरु गरिए। विदेशमा रहेका आफ्ना टोलबासी, साथीहरुसँग मद्दत मागियो। विदेशमा कार्यरत कीर्तिपुरवासीहरुले आ-आफ्नो वडामा सहयोग रकम पठाउन सुरु गरिए। विभिन्न सामाजिक संघ संस्था दातृ निकायले आफ्नै पहलमा विपदमा परेकाहरुको लागि राहत जुटाउन सुरु गऱ्यो। यसरी विभिन्न संघ संस्थाको सहयोगले अलिकति राहत महसुस गरेका पिडितहरुलाई सरकारको एक द्वार प्रणालीबाट मात्र राहत बाड्ने घोषणा गरेपछि जनता मर्कामा परे।

कीर्तिपुर नगरपालिकाको कुरा गर्ने हो भने गत बैशाख २६ गतेसम्म चामल १७९०० के.जी. मुसुरो दाल १०५० के.जी. मात्र वितरण गरिएको छ। जुन हात्तीको मुखमा जिरा जस्तै भने पनि हुन्छ। न.पा.को सहयोगको भरमा परेको भए मानिसहरु भोक भोकै मर्ने थियो। नेपाल सरकार को कुरा गर्ने हो भने पनि त्यस्तै छन्। कतिपय दुर्गम स्थानमा सरकार पुग्नै सकेको छैन। पुगेको स्थानमा पनि आफ्ना मान्छेलाई मात्र राहट बांडियो भन्ने खबर दिनहुँ आइरहेका छन्। यस्तो विपदको बेला पनि आफ्नो र अरु भनेर भेदभाव गर्ने हो भने यो मानविय दृष्टिकोणले ठीक कुरा होइन। राहत वितरणमा अर्को एउटा समस्या आइपरेको छ। खुल्ला चौरमा बस्ने घर हुने हुनेखाने परिवारले पनि चौरमा बसेको आधारमा राहट सामाग्रीको माग गरेर लिइरहेका छन। जसले गर्दा असली पिडितहरुलाई राहत दिन मुश्किल भइरहेको छ। यो मानवियताको मात्र कुरा नभई मानिसको नैतिकताको पनि कुरा हो।

# राहत समस्या र समाधान

**अबको समय भनेको सम्पूर्ण नेपाली जहाँ रहे पनि सहयोग गर्ने, आफ्नै देशमा स्वरोजगार उत्पादन गरी आर्थिक उन्नत गर्ने र मानवमा भातृत्वको भावना जागृत गर्ने अवस्था सृजना भएको छ। जसबाट हाल देखेका समस्या मात्र होइन दीर्घकालिन नयाँ नेपालको खाका तयार हुनेछ यसको लागि आफ्नो कर्तब्य बोध गर्न सकोस**



**वज्रमुनि बज्राचार्य**
**चिलंच्व, किपू**

बैशाख १२ गतेको प्रलयकारी भूकम्प पश्तात् नेपाल पूर्ण रुपमा शोकाकूल अवस्थामा रहेको छ। करीब ५ लाखभन्दा बढि घरहरु ध्वष्ट, दशौं हजार मानव क्षति र तीसौं हजार घाइते भएका छन्। देश नै घाइते भई ढलेको यस्तो अवस्थामा मल्हमपत्ति लगाउन स्वदेशका विभिन्न संघसंस्था तथा विदेशबाट प्रारम्भिक चरणको लागि आवश्यक चामल, तेल, नून, च्यूरा, मस्यौरा, चाउचाउ, दाल, विस्कुट, पाल, कम्वल उपलब्ध गराएका छन्। पिडितहरुको लागि वितरण गर्न उपलब्ध गराएका यी राहतहरु भूकम्पबाट बढि प्रभावित भएका क्षेत्रहरु दोलखा, सिन्धुपलाञ्चोक, गोरखा, काभ्रे, भक्तपुर, ललितपुर, काठमाडौंमा तत्काल उपलब्ध गराए तापनि अति दुर्गम क्षेत्रहरुमा अहिलेसम्म पनि राहत पुग्न सकेको छैन भने राहत सहज रुपमा पुगेको क्षेत्रहरु काठमाण्डौ, भक्तपुर, ललितपुरमा पनि सन्तुलित र समान रुपमा वितरण गर्न सकेको छैन। पहुँचवालाहरुको घरसम्म आवश्यक नभए पनि राहत पुगेको छ भने, आवश्यक भएका र पहुँच नभएकाहरुले आफ्नो ओट लाग्न एउटा पाल पनि पाएका छैनन्। राहत कसैको लागि आहत भएको छ भने कसैको लागि भगडाको माध्यम बनेको छ। राहत वितरण संगसंगै विभिन्न समस्याहरु पनि देखापरेका छन्।

एक त कस्तो व्यक्तिलाई राहत दिने, कस्तोलाई नदिने कुनै निर्देशिका नभएकोले घर भत्कि गाँसबास उठेकाहरुले पनि राहत लिइरहेका छन् भने प्लाष्टर चर्केकाहरुले पनि समान रुपमा लिइरहेका छन्। बाहिर बास बस्नु पर्नेहरुले पनि पाल लिइरहेका छन् भने, घर चर्केकाहरुले पनि पाल लिइरहेका छन्। कहिं अति आवश्यक हुनेहरुले पनि पाएका छैनन्।

कुन निकायले कसरी बाँड्ने भन्ने निर्क्योल नहुनु। गाउँ गाउँमा जनप्रतिनिधि नभएको कारणले सचिवको निगरानीमा स्थानीय राजनैतिक पार्टीका प्रतिनिधिहरुको समिति बनाई राहत बाँड्ने गरेको छ। जसले गर्दा राहत राजनैतिक व्यक्तिहरुको भागबण्डामा बाँडिरहेको छ। माथिल्लो निकाय वा सरकारको एकद्वार नीतिबाट राहत वितरण नहुँदा राजनैतिक पार्टीहरुले आफ्नो पहुँचबाट आएका राहतलाई स्थानीयसम्म आफ्ना कार्यकर्ताहरुबाट वितरण गराएका छन्। जसले गर्दा राहतमा पनि कार्यकर्ता पोषण भएको पाइएको छ। कार्यकर्ताहरुले आफ्ना पार्टीका कार्यकर्ता हेरी, नामावली संकलन गरी राहत वितरण गरेका छन्।

राजनैतिक पार्टीहरुको मात्र होइन् विभिन्न संघसंस्थाहरुसंग सम्बन्धित व्यक्तिहरुबाट व्यक्तिगत रुपमा वितरण गरेको छ। त्यस्ता व्यक्तिहरुसंग कहाँबाट कति राहत आएको भन्ने लेखाजोखा सरकारसंग छैन। जसको कारण राहत बजार बजारमा बेचिएको देखियो। गोदाम गोदाममा थन्किएको पाइयो।

स्थानीय राहत वितरण कमिटीमा बसेका स्थानीय नेताहरु आफ्नो कोटामा आएको राहत भनी आफू मनपरी वितरण गरेको पाइयो।यी सम्पूर्ण घटना, परिवेशहरु हेर्दा सरकार बेकम्मा देखिएको छ। हरेक ठाउँमा सर्वदलीयलाई समावेश गर्नु पर्ने भएकोले पार्टीसंग सम्बन्ध नभएका बुद्धिजीवि, प्राज्ञिक वर्ग, नागरीक समाजका व्यक्तिहरु राहत वितरणमा देखिदैन। विदेशी संघसंस्थाहरुले पनि नेपाल सरकार, राजनैतिक पार्टीका नेताहरुप्रति अविश्वास, घृणाको कारणले आफ्नो सम्पर्कका व्यक्तिहरुलाई बढि विश्वास गरेको देखियो।

अहिले पनि आवश्यक नभएका व्यक्तिहरुले झोला झोलामा राहत लिएर घर लगिरहेका छन्। समान रुपमा वितरण नहुँदा, वास्तविक पिडितहरुको पहिचान नहुँदा पीडितहरुको लागि दिइएको राहत आहत नभई समस्या बनिरहेको छ।

पहिलो चरणको राहत करीब करीब पिछडिएको गाउँहरुमा बाहेक अन्य ठाउँमा पुगिसकेको छ। नपुगेको ठाउँमा सरकार स्वयं सहभागी भई वितरण गर्नु पर्नेछ। राहत पुगेको ठाउँहरुमा केही दिनको लागि राहत संचित पनि भईसकेको छ। त्यस्तो ठाउँमा अब दोस्रो चरणको राहत शुरु गर्न आवश्यक छ। कहाँ कतिको क्षति भयो वास्तविक तथ्याङ्क संकलन गर्नु पर्दछ। दोस्रो चरणको राहत भनेको भौतिक क्षति भएकाहरुको लागि आवास तयार गर्नु हो।

वास्तविक तथ्याङ्क संकलनको लागि नीजामती कर्मचारीहरु, इन्जीनीयर, प्राध्यापकहरुको परिचालन गरेमा उपयुक्त हुनेछ। भौतिक संरचना तयार गर्न सर्वप्रथम सरकारको नीति स्पष्ट हुनु पर्दछ। भूकम्पबाट क्षति भएका भौतिक संरचनाको अध्ययन गरी नयाँ संरचना कसरी बनाउने, कस्तो बनाउने स्पष्ट हुनु पर्दछ। यसको लागि दक्ष व्यक्तिहरुले सरकारले सरसल्लाह लिनु पर्दछ। पहिलाका गल्तीहरुलाई दोहऱ्याउनु हुन्न। भवन निर्माणमा कडाईका साथ मापदण्ड लागु गर्नु पर्छ। गाउँ गाउँ नै ध्वष्ट भएको ठाउँमा पुनर्बासको लागि नयाँ एकरुपताको भवन निर्माण गरी बस्ती शुरु गरेमा राम्रो हुनेछ।

भूकम्पबाट क्षति भएको भौतिक संरचना, मानवीय क्षति भएकाहरुको आवश्यकताको अध्ययन अनुसन्धान गर्न छुट्टै निकाय गठन गर्नु पर्ने। नयाँ भौतिक संरचनाको निर्माणको लागि नेपालमा उपलब्ध हुने स्रोत साधन परिचालन गर्नु पर्ने, भौतिक निर्माणमा गुणस्तरहीन, नक्कली सामान प्रयोग गरी कर्मचारीहरुले आफ्नो नैतिकता बेचेर पहिला जस्तै विकासका कामहरुमा घुस खान नहुने। विदेशी दातृ निकायहरुद्वारा उपलब्ध सहयोग पिडितसम्म पुग्ने व्यवस्था मिलाउनु पर्ने आदि गरेमा सरकारप्रति जनताको विश्वास बढ्नेछ।

सबभन्दा महत्वपूर्ण पक्ष भनेको कर्तब्य, जिम्मेवारी र मानवीयता हो। मानिसहरुले आफ्नो वास्तविक स्वभाव यस्तै आपत विपतमा देखाउने गर्छन्। काठमाडौं भित्र क्षती भएका विभिन्न ठाउँहरुमा घुमें। यसै दौरानमा भुकम्प लगतै भक्तपुरमा राहत वितरणमा पंचदान लिए जस्तो सम्पूर्ण व्यक्तिहरुले राहत लिएको देखें। कीर्तिपुरमा आवश्यक व्यक्तिहरुले पनि लिएको र कमिटिमा बसेका व्यक्तिहरुको आफन्तले पनि लिएको देखें। वास्तवमा खानाको राहत कुनै कुनै ठाउँमा आवश्यक नै छैन। जहाँ बस्न घर छैन, लगाउन कपडा छैन, खानको लागि खाना छैन वास्तविक पिडित ती हुन्। तिनीहरुको लागि आवश्यक हो राहत। यो कुरा कसैले पनि भन्ने होइन, आफ्नै अन्तहृदयलाई सोध्ने हो। यस्तो बेलामा आफ्नो जिम्मेवारी के हो आफूले नै बुझ्ने हो।

अन्तमा नेपालको विकास राजनैतिक कारणले बिसौं वर्ष पछाडि गएको छ भने, यस पालिको भूकम्पले दशौं वर्ष पुन: पछाडि जाने निश्चित छ। यस्तो दुखद घडिमा राजनैतिक दलिय बेमेल, छेर्कि, एक आपसमा खुट्टा तान्ने गरेमा देश अनुमान गरे भन्दा पनि पछाडि ढकेलिनेछ। यस्तो अवस्थामा दलिय नेताहरु मात्र होइन नेपाली जनता पनि सतर्क हुनु जरुरी छ। नेताहरुलाई जनताहरुले देशभक्तिको शिक्षा सिकाउनु आवश्यक छ। ऐतिहासिक जनआन्दोलनले जनतालाई आफ्नो अधिकार के हो सिकाइ दिएका छन् भने, जनताको कर्तब्य र अधिकार सिकाउन भुलेका छन्। जसले गर्दा जनता आजको आपतकालिन अवस्थामा पनि आफूले लिन जानेका छन्, आफूले दिन जानेका छैनन्। अबको समय भनेको सम्पूर्ण नेपाली जहाँ रहे पनि सहयोग गर्ने, आफ्नै देशमा स्वरोजगार उत्पादन गरी आर्थिक उन्नत गर्ने र मानवमा भातृत्वको भावना जागृत गर्ने अवस्था सृजना भएको छ। जसबाट हाल देखेका समस्या मात्र होइन दीर्घकालिन नयाँ नेपालको खाका तयार हुनेछ यसको लागि आफ्नो कर्तब्य बोध गर्न सकोस्। धन्यवाद।

## सरोज महर्जनद्वारा भुकम्प पीडितलाई सहयोग

की.न.पा. वडा नं.पाँगा दथल टोल निवासी माधवलाल महर्जनको कान्छो छोरो सरज महर्जन र उहाँका साथीहरुले पाँगाका भूकम्प पीडितहरुको लागि सहयोग स्वरुप रु. एक लाख दिनु भएको छ। सरोज महर्जन हाल अमेरिकाको मिनोसोदामा कार्यरत हुनुहुन्छ।

गत बैशाख १२ गतेको विनाशकारी महाभूकम्पमा परी घरवार विहिन हुनु भएका वडा नं.१२ का वासिन्दाहरुको टहरा निर्माण गर्न सहयोग गर्नु भएको हो । उक्त पैसाबाट ४ वटा टहरा बनाउने विपद व्यवस्थापन समितिका सदय गुजय सिंहले बताउनुभयो ।

यस भन्दा अगाडि पनि वडा नं.९ सामुदायिक विपद् व्यवस्थापन समितिलाई दुई हजार डलर प्रदान गर्नु भएको छ। जुन रुपैयाँले वडा नं. ९ले पाँगाका प्रत्येक मृतक परिवारलाई जनही रु.पाँच हजार प्रदान गरिएको थियो ।

## दीप प्रज्ज्वलन

बैशाख १२ गतेको प्रलयकारी भूकम्पमा परी मृत्यु हुने सम्पूर्ण मृतकहरुको आत्मा शान्ति तथा घाइते भएका ब्यक्तिहरुको शीघ्र स्वास्थ लाभको कामना गर्दै जगतपाल महाविहार चिलंच्व कीर्तिपुरमा २५५९ औं बुद्ध जयन्तीको उपलक्ष्यमा नेपाल परम्परागत बौद्धधर्म संघ, जगतपाल महाविहार र त्रिरत्न कीर्ति विहार को संयुक्त आयोजनामा विहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म विभिन्न कार्यक्रम गरी मनाइयो।

विहान ७ बजेदेखि ८ बजेसम्म नामसंगिती वाचन, ८ बजेदेखि ८:३० बजेसम्म बौद्ध प्रार्थना, ८:३० देखि १० बजेसम्म ज्ञानमाला भजन, १० देखि ११ बजेसम्म उपप्रा( वज्रमुनि वज्राचार्यबाट अनित्यको बारेमा धर्मदेशना, ११ बजेदेखि ११:३० बजेसम्म बुद्धपूजा, ११:३० देखि १२ बजेसम्म पुण्यानुमोदन र बेलुकी ७ बजे चिलंच्व विहारमा मृतकहरुको नाममा सामुहिक शान्तिद्विप प्रज्ज्वलन गरी समापन गरिएको थियो ।

## जनसेवाका शिक्षकहरु द्वारा भुकम्प पीडित शिक्षकहरुलाई सहयोग

दुःखको बेला जसले सहयोग गर्छ उही असल साथी र छिमेकी हुन्। सहयोग भनेको एक रुपैया पनि सहयोग नै हो । लाखौं करोडौं पनि सहयोग नै हो। आफ्नो क्षमताले भ्याएजति सहयोग गर्नु मानविय कर्तव्य हो।

यसै सन्दर्भमा पाँगा इचाखेलस्थित जनसेवा उच्च माध्यमिक विद्यालयका शिक्षक/शिक्षिका र कर्मचारीहरुले यही बैशाख १२ गते आएको विनाशकारी महा भूकम्पमा परी घरबार गुमाएका त्यस विद्यालयका ४ जना शिक्षक/शिक्षिकाहरु र एक जना कर्मचारीलाई राहत प्रदान गरेका छन्।

शिक्षकहरुले आफ्नो तलबको २ देखि १० दिनसम्मको तलब कट्टा गरी रु. ८३,०००/ हजार जम्मा गरेका थिए । जनही रु. सोह्र हजारको दरले ४ जनालाई र बाँकी रुपैयाँ घर को साथै परिवार गुमाउनु भएका ललिता महर्जनलाई प्रदान गरिएको छ।

अब विद्यालय र विद्यालय व्यवस्थापन समितिको तर्फबाट पनि केही रकम सहयोग गर्न छलफल भइरहेको छ।

## अशोक शोकीलाई पितृशोक



कीर्तिपुर सन्देश साप्ताहिकका जीवन दर्शन स्तम्भका स्तम्भकार अशोक शोकीलाई पितृशोक परेको छ । वि.सं.१९८३ मा भाजंगलमा जन्मनु भएका नर बहादुर महर्जनको गत बैशाख २७ गते टाउनप्लानिंग कीर्तिपुर -१७ स्थित आफ्नै निवासमा बिहान ५.३५ बजे निधन भएको हो।

विगत १५ वर्षदेखि टाउन प्लानिगको नयाँघरमा कान्छो छोरा अशोक शोकीसँग बस्दै आइर हनु भएको हो। उहाँको श्रीमती राजमाया महर्जन, छोरा अशोक शोकी र छोरी नर्स बिणा महर्जन छन्।

## देश बचाउन पार्टीगत स्वार्थ सबैले त्यागौं



**कवि राम महर्जन**
**नगाउँ, किनपा-१६**

काठमाडा उपत्यका मात्र होइन
२८ जिल्ला प्रभावित हुने गरी
बैशाख १२ को महाभुकम्पले
लाखौं धन जन क्षति पुऱ्यायो

स्वदेशी विदेशी सबै मिलेर
लाखौंको जनशक्ति जुटाएर
पिडीतहरुको उद्धारकार्य छिट्टै
गरौं
पुनर्वासको व्यवस्था अबिलम्ब
गरौं

वर्ष सुरु हुनु पूर्व नै
अस्थायी घर टहरा बनाई
बसालौं
प्राण बचाउन गाँसको व्यवस्था
खोजी खोजी सबै ठाउँ
पुऱ्याऔं।

सुगम वस्ती मात्र होइन
दुर्गम वस्तीको पनि खोजि
गरौं
सुगम वस्तीले धेरै पाउने
दुर्गम वस्तीले पाउँदै नपाउने

६०१ जना सभासद सबैले
आ-आफ्ना चुनावी क्षेत्र
घुमीघुमी
सबै क्षेत्रका पिडितहरुलाई
गाँस बास अविलम्ब व्यवस्था
गरौं

अन्यथा यो नेपाल सरकार
सफल नभएको ठहर होला
त्यसबेला देशमा ठूलै संकट
आइ नेपालीलाई झन दुःख
होला

त्यसैले सबै देशवासी मिलौं
पिडितहरुको उद्धार छिट्टै गरौं
यस्तो बेला पार्टीगत स्वार्थ
राष्ट्र बचाउन सबैले त्यागौं

## हार्दिक श्रद्धाञ्जली



जन्मः २००० साल मंसिर

निधनः २०७२ बैशाख १२

स्व. माणिक लाल महर्जन



जन्मः १९८१ साल

निधनः २०७२ बैशाख १२

स्व. हिरा थकुं महर्जन (हेकुँ)

हाम्रा मित्र की.न.पा. वडा नं.१० पाँगा लाछि निवासी श्री सुनिल महर्जनको बुबा **माणिक लाल महर्जन** ७२ वर्ष तथा उहाँको हजूर आमा **श्रीमती हिरा थकुँ महर्जन** ९१ वर्षको उमेरमा हालै गएको महाभूकम्पमा परी असामयिक निधन हुनुभएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा उहाँका परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

श्रद्धाञ्जली दिनुहुनेहरुः

१. रबिन्द्र महर्जन
२. नविन महर्जन
३.अमृत महर्जन
४.विजय प्रकाश महर्जन
५.प्रमेश महर्जन
६. जितेन्द्र महर्जजन
७. नन्दु महर्जन
८.शेष महर्जन
९. धर्मेन्द्र महर्जन
१०. अर्जुन महर्जन
११. नरेन्द्र महर्जन

खेल जगत

# भूकम्पले खेलकूद क्षेत्र मर्माहत



–नविन महर्जन–

गत बैशाख १२ गतेको भुकम्पले खेलकुद क्षेत्रलाई पनि ठूलो आघात पुऱ्याएको छ । जसले गर्दा यो क्षेत्र मर्माहट हुन पुगेको छ। यस महाभुकम्पको कारण ६ खेलाडी, १ खेल पत्रकार र १ प्रशिक्षकको ज्यान गुमेको छ । जसमा जुडोका अनिशा डंगोल, निलम डंगोल र नारायण तामाङ, कराँतेका चन्द्र कुमार श्रेष्ठ र सुरोज डंगोल तथा क्रिकेटका मनोज पण्डित, पारा खेलाडी जित वहादुर खड्का रहेका छन् । त्यसैगरी खेल पत्रकारमा गोरखापत्र दैनिकका सुमन भोम्जन, प्रशिक्षकमा भलिबल खेलका प्रशिक्षक केशवलाल श्रेष्ठ रहेका छन् ।

राष्ट्रिय खेलाडी कल्याणकारी कोषले यी विभिन्न खेलाडीहरुका साथै पत्रकार र प्रशिक्षकलाई आर्थिक सहयोग गरेका छन् ।

महाभुकम्पमा परेकालाई सहयोग गर्न स्वदेशी र विदेशी खेलाडीहरु पनि त्यतिकै लागि परेका छन् । नेपालको राष्ट्रियस्तरको खेलहरु सबै अहिलेको लागि रोकिएको छ भने ठुला ठुला अन्तरराष्ट्रिय प्रतियोगितामा पनि नेपाललाई सहयोग गरौं भन्ने जर्सि लगाएर १ मिनेट मौनधारण समेत गरेका छन् ।

विशेष गरी अन्तरराष्ट्रिय संघ संस्थापक आवद्ध खेलाडीहरुले नेपालको लागि आर्थिक सहयोग गर्ने क्रम पनि जारीरहेको छ । साथै नेपाली खेलाडी पारस खड्काले नेपालको महाभुकम्प पिडितहरुको सहयोग अस्ट्रेलियाको सिडनीमा ३० लाख रुपैया संकलन गरिसकेका छन् ।

त्यसैगरी राष्ट्रिय खेलकुद परिषदका पूर्व कोषाध्यक्ष मीनकृष्ण महर्जन र नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघले ललितपुरको २ वटा वडामा विभिन्न राहत सामान वितरण गरेका थिए । त्यस्तै ए डिभिजनको पूर्व टोली नोर्वुलिङ स्पोर्टस क्लबले तिब्बत शरणार्थी शिविरसँग मिलेर ललितपुर र धादिङको विकट जिल्लामा खाद्यान्न सामाग्री वितरण गरेको थियो ।

नेपाल गल्फ संघले १४ लाख ७५ हजार रुपैयाँ बराबरको राहत सामाग्री गत शुक्रवार काभ्रेको ढंखर्क गाविसमा वितरण गरेका थिए ।

नेपाल गल्फ संघले भुकम्पमा मृत्यु भएका खेल पत्रकार सुमन भोम्जनको परिवारलाई सहयोग स्वरुप २५ हजार, उपलब्ध गराएको छ । त्यसैगरी नेपाल कराँते महासंघले रसुवाको भोर्ले, लहरे र उपल्लो रुकसेपानीमा राहत सामाग्री उपलब्ध गराएको थियो । त्यसैगरी सञ्जय स्मृति प्रतिस्थानले पनि महाभुकम्प पीडित र पीडितका परिवारलाई आर्थिक सहयोग गरेको छ । भलिवल खेलका राष्ट्रिय टोलीका उपकप्तान सञ्जय अर्याललाई ५० हजार तथा प्रशिक्षक श्रेष्ठ र पत्रकार भोम्जनको परिवारलाई २५/२५ हजार गत आइतवार प्रदान गरेको थियो ।

यस महाभुकम्पले त्रि.वि. कीर्तिपुरमा गत वर्ष बनाइएको इन्डो क्रिकेट ट्रेडिङ् सेन्टरलाई क्षति पुऱ्याएको छ ।

देशको पहिलो इन्डोर ट्रेनिङ सेन्टर निर्माण लगर्न रा.खे.प.ले ७५ लाख रुपैया लगानी गरेको थियो ।

त्यसैगरी त्रि.वि. मैदान घेरिएको पर्खालको करीव ८०% भाग पनि भूकम्पले भत्काएको छ । त्यसैगरी दशरथ र ङ्गशालाको मूलद्वार र अतिथि भित्राउने द्वार भत्केको छ भने पौडी पोखरी पनि चिरा परेको छ। यो लगायत अन्य विभिन्न स्थानको खेलकुद संरचनालाई पनि प्रतिकुल असर पारेको छ ।

यसरी गत बैशाख १२ गतेको महाभूकम्पले खेलकुदलाई पनि मर्माहट बनाइएको छ । जसलाई विस्तारै सामान्यस्तर मा ल्याई पुनः अरु क्षेत्रमा जस्तै खेलकुदको विकासमा लागि पर्नु परेको छ।

# मंगल उ.मा.वि.मा मनोसामाजिक अभिमुखिकरण तालिम



गत वैशाख १२ गते शनिबार गएको विनाशकारी भुकम्प, त्यस पछि गइरहेका पराकम्पन र भुकम्प सम्बन्धि अफवाहका कारण जनमानसमा भय, त्रास र तनाव व्याप्त भएको अवस्था छ। बालबालिकाहरु अझ बढी त्रसित छन् ।

यस परिस्थितिवीच जेष्ठ १ गतेदेखि विद्यालयहरु संचालन हुने सुचना आएको केहि दिन नवित्दै फेरी वैशाख २९ गते मंगलबार आएको ठूलो पराकम्पनले विद्यालय संचालन हुने दिन १५ दिन टाढिएको छ। एक त शिक्षकहरु आफैं अन्योल र त्रसित अवस्थामा छन् भने यस्तो अवस्थामा बालबलिकाहरुलाई कसरी पढाउने भन्नेमा चिन्तित देखिन्छन् ।

विनाशकारी भुकम्पबाट बालबालिकाहरुमा पनि मनोसामाजिक समस्या आउन सक्ने सम्भावनालाई मनन् गरी मंगल उच्च मा.वि. कीर्तिपुरले यहि बैशाख २८ गते सोमबार शिक्षकहरुको लागि मनोसामाजिक सहयोग र हेरचाहबारे एक दिने अभिमुखिकरण कार्यक्रम संचालन गरियो । बालबालिकाहरुमा भुकम्पको त्रास र तनावले आउन सक्ने मनोसामाजिक समस्याहरुको पहिचान कसरी गर्ने र त्यसलाई कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा मनोविज्ञ बिनोद पौडेलले प्रशिक्षण दिनुभयो। मंगल उ.मा.विका शिक्षकहरुका साथै अन्य विद्यालयका शिक्षकहरु समेत गरि जम्मा ५० जना शिक्षकहरुको सहभागिता रहेको उक्त कार्यक्रममा मनोसामाजिक स्वास्थ्यको बारेमा पनि जानकारी गराइएको थियो ।

# समवेदना

जन्मः २०२८ फागुण



निधनः २०७२ जेठ २ गते

**स्व. इलेन्द्र महर्जन**

यस विद्यालयका कर्तव्यनिष्ठ कर्मचारी श्रीमती उत्तरमाया महर्जनका छोरा तथा श्रीमती देव लक्ष्मी महर्जनका श्रीमान **इलेन्द्र महर्जन** बैशाख १२ र २९ गतेको महाभुकम्प पिडीतहरुको राहत सम्बन्धी कार्यमा संलग्न हुने क्रममा यही २०७२ जेठ २ गते शनिवारका दिन असामयिक निधन भएकोमा नीजको चिर शान्तिको लागि समवेदना एवं श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा निजका परिवारजनमा धैर्य धारण गर्न सक्ने शक्ति प्रदान गर्न भगवानसँग प्रार्थना गर्दछौं ।

**प्रिन्सिपल तथा विद्यालय परिवार**

**उज्जवल शिशु निकेतन एकेडेमी**

**पाँगा कीर्तिपुर**

# हार्दिक श्रद्धाञ्जली

जन्मः २०१७/०५/०४



निधनः २०७२ बैशाख ३०

**स्व. विश्वराम महर्जन**

यस मङ्गल उच्च मा.वि. विद्यालय व्यवस्थापन समितिका भू.पु अध्यक्ष एवं मङ्गल उ.मा.वि. तथा मङ्गल बहुमुखी क्याम्पसका सल्लाहकार श्री टीकाराम महर्जनका सुपुत्र **विश्वराम महर्जन**को गत बैशाख २९ गते बेलुका भैरहवामा हृदयाघाट भई निधन हुनुभएकोले हामी मर्माहट भएका छौं । उहाँको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस भनी समवेदना व्यक्त गर्दछौं ।

**मंगल उच्च माध्यमिक विद्यालय परिवार**

**मंगल बहुमुखी क्याम्पस परिवार**

**नयाँबजार, कीर्तिपुर– ३**

## नयाँबजार क्लबको निशुल्क स्वास्थ्य शिविर

इस्लामिक मेडिकल एशोसियसन नेपाल र नयाँबजार क्लबको संयुक्त संयोजनमा पाकिस्तान इस्लामिक मेडिकल एशोसियसनका डाक्टरहरुले नयाँबजारस्थित सामुदायिक खेलकुद मैदानमा एक दिने निशुल्क स्वास्मय शिविर सम्पन्न गरेको छ।



सो शिविरमा पाकिस्तानका डा. अहमद फाहद र नेपाली डा. सुवास महर्जन, डा.बासुदेव सुवेदी र डा. रामकला के.सी.को टोलीले विभिन्न किसिमका रोगहरुको परिक्षण गर्नुका साथै आवश्यक औषधीहरु निशुल्क दिइएको थियो। उक्त शिविरमा विभिन्न समस्या भएका ३०० जना विरामीहरुको स्वास्थ्य जाँच गरिएको थियो।

## वडा नं. ८ मा कबिर महर्जनलाई प्रवेश निषेध




कीर्तिपुर नगरपालिका वडा नं.९ पाँगा धोकासीमा रहेको कार्यालयमा तत्कालिन सचिव कबिर महर्जनले विपदको बेला उपस्थित भएर सहयोग नगरेको भन्ने आरोपमा स्थानीयवासीहरुले वडा कार्यालयमा तालाबन्दी गरेका थिए।

सो सम्बन्धि समाचार यस पत्रिकामा प्रकाशित भएपछि सचिव कबिर महर्जनले आफू पनि भुकम्पबाट पिडित भएकोले उपस्थित हुन नसकेको स्पष्टिकरण दिएपछि फेरि पनि उहाँ कार्यालयमा आउने थाहा पाएर स्थानीयवासीहरुले वडा कार्यालयको ढोकामा कबिर महर्जनलाई प्रवेश निषेध भन्ने सूचना टाँसेर फेरि तालाबन्दी गरी दिएका छन्।

## सर-सफाई कार्यक्रम सम्पन्न



बैशाख १२ गते आएको विनाशकारी महाभूकम्पले धनजनको क्षति पुऱ्याएको त छँदै छ।

त्यसको अलावा महामारी रोग फैलिने आशंका विद्यमान रहेको छ। यसैलाई मध्यनजर राखी विपद् व्यवस्थापन समिति वडा नं.२ को आयोजनामा स्थानीयवासीहरु र परमेश्वरको मण्डली त्रिपुरेश्वरको विशेष सहयोगमा वडा नं.२ भित्रका सम्पूर्ण टोलहरुमा सरसफाईको साथै किटनाशक औषधी समेत छर्ने काम गत बैशाख ३० गते गरिएको थियो।






कीर्तिपुरका साथ साथै राष्ट्रिय समाचार सहितको प्रत्येक बुधवार विशेष अंक कीर्तिपुर सन्देश साप्ताहिक तपाईको घर घरमा

कार्यालय:
**निखासी टोल: कीर्तिपुर नपा-३**
**फोन नं.: ४३३३००७, ९८४१४०१०७७**






# बिचा: हायेका



स्व. हिरा थकुं महर्जन



स्व. मानिकलाल महर्जन



स्व सुजिना महर्जन



स्व विस्वराम महर्जन

ज्यापु महागुथि किपूया आजीवन जः बद्रिलाल महर्जनया मां **हिरा थकुं महर्जन** व दाजु **मानिकलाल महर्जन** अले जः सुजिन्द्र महर्जनया म्ह्याय् **सुजिना महर्जन** वंगु बैशाख १२ गतेया तःभुखाचय् लाना मदुगु व ज्यापु महागुथि केन्द्रिय सल्लाहकार टीकाराम महर्जनया काय् **विस्वराम महर्जन** वंगु बैशाख ३० गते हृदयाघात जुया मदुगुलिं तसकं नुगः मछिन। मदुपिनिगु सुखावति भुवनय वास लायेमा धकाः कामना यासें दुःखंकःपिं सकल छेंजःपिन्सं मन चिइ फयेमा धकाः बिचाः हायेका च्वना।

## ज्यापु महागुथि किपू नगर समिति

किपू

## भुकम्प पिडित



–विकास महर्जन–

धोकासी, पाँगा
भुकम्प पिडित
एउटा परिवार
ज्यादै अवस्था नाजुक
दमको रोगी ससुरो
स-साना छोराहरु दुईटा
उनी गलैंचा बुन्न जान्थिइ
लाग्ने काममा
दैनिक दौडधुप गरेपनि
परिवार धान्न मुश्किल
न लुगाफाटा राम्रो, न सिंगार पटार
गल्लीभित्र उनको घर
दिउँसै हुन्थ्यो अँध्यारो
बैशाख १२ को विनाशकारी भुकम्पले
त्यो पनि तहसनहस पारीदियो
हुरी वर्षात खुल्ला आकाश
अर्काको जग्गामा उनीहरुको बास
त्रिपाल एउटा भइदिए
केही सहारा हुने आश
राहत वितरण केन्द्रमा पुगिन्
तर केही भन्नै सकिनन् उनी
बीचमा आइपऱ्यो छेकबार लाज
उनको पीडा बुझी एक भद्र महिलाले
स्वयंसेवकलाई राख्दिई उनको बात
त्यहाँ उनले पाल नभएको जानकारी पाइन्
पऱ्यो उनको सपनामाथि लात्
आज उनको शिविरमा पुगें म
देख्छु जस्ताको टहरो
चिटिक्क मिलाएर बनाएको
ओछ्यानमा नयाँ ब्लांकेट
खुसी लाग्यो पीडितलाई राहत मिल्यो
सोधें
कुन संस्थाबाट राहट पायौ ?
उनले मधुर स्वरमा भनी
ऋण काटेर हामीले जस्ता ल्यायौं
बुढा र सिकर्मी साथीको मद्दतले
टहरा बनायौं ।
आफ्नै पैसा हाली नयाँ ब्ल्याँकेट किन्यौं ।
पीडितलाई राहत बाँड्न हिंडेको म
जस्ताको टहरा बनाई दिन हिंडेको म
उनको कुरा सुनी
छानाबाट खसे झैं भएँ
मुटु भिज्यो आँसुले
आँखामा लाग्यो बादल
अन्न भण्डार हुनेहरुले
लुगाफाटाको चाङ्ग हुनेहरुले
घरै भत्के पनि विकल्प हुनेहरुले
पीडित भन्दै राहत लुटिरहेछन्
साँच्चै पीडित हुनेहरु
अहो ! त्यो परिवार
कसैको मुख नटाकिकन
आफ्नै बलबुताले
जीवन संघर्षमा जुटिरहेछन्
आफ्नै हातहरुले
नयाँ भविष्य कोर्दैछन् ।

## कविता – उनी नेपालकी आमा

–दास–

आज आमाको मुख हेर्ने
औंसीको दिन
तीनता छोरी
एउटा छोरो
आधा पेट भरेर
फाटेको चोलो लगाएर
हुर्कायो
शिक्षा दियो
ज्ञान दियो
ठूलो मान्छे बनाई दियो !

आज उनै आमा
छ दशक काट्यो
जीउ गलिसक्यो
प्राण प्यारी
साथी गुमाई सक्यो !!
ठूली छोरी अमेरिका
अर्काको भूमिमा
दुईटी छोरी जापानमा
रमाई रमाई दिन काट्दै
कान्छा छोरा दुबईमा
इन्जिनियरको पेशामा !!!

आज एक्लै उनी आमा
बेसार पानीको पर्खाइमा
सानो घर आफ्नै जन्मभुमिमा
प्राण प्यारी साथीसँग
आवद्ध हुने इच्छामा ।

## जनताले नगरपालिकालाई पर्खेनन्





कीर्तिपुर नयाँबजारबाट पाँगा जाने ओरालो बाघभैरव स्कुल अगाडिको बाटोमा ढलान गरिएको कंक्रिट उप्केर भित्रको छड देख्ने गरी बाटोमा खाल्डो भएको थियो । सो खाल्डो पुरिदिन नगर पालिकालाई स्थानीयवासीहरुले पटक पटक ताकेता गरे पनि केही सिप नलागेपछि गत बैशाख १२ र २९ गतेको भुकम्पले त्रसित स्थानीयवासीले सो खाल्डोका कारण गाडी चल्दा जोल्टिंग हुँदा आफ्नो घर हल्लिन थाले पछि आफ्नै पहलमा सो बाटोमा कंक्रिट राखी खाल्डो पुरिएको थियो । स्थानीयवासीले नगरपालिकाको भर पर्दा बर्षौं बितेको र अझ कहिले बनाउने हो विस्वास गरेन ।

# हार्दिक श्रद्धाञ्जली

जन्मः
२०२३/०५/२३



स्व. ज्ञान छोरी महर्जन

निधनः
२०७२ बैशाख २५

हाम्रा अभिन्न मित्र कीन.पा. ३ चिथु गले निवासी श्री प्रदिप महर्जनको जीवन संगिनी **ज्ञानछोरी महर्जन** ४९ वर्षको उमेरमा असामयिक निधन हुनुभएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा उहाँका परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्रद्धाञ्जली अर्पण गर्नुहुनहरु :**

१. बच्चुराम श्रेष्ठ
२. बिरेन्द्र शाक्य
३. रत्नवहादुर महर्जन (चिरी)
४. मंगलवहादुर महर्जन
५.मानचन्द्र श्रेष्ठ
६. रुकेश महर्जन
७. गोबिन्द महर्जन
८. हरि महर्जन
९. मधुर महर्जन
१०. दिपेन्द्र महर्जन
११. विष्णु श्रेष्ठ

# भुखाचं पीडितपिंत वर्ल्ड नेवाः अर्गनाइजेशन छैं दनाबीगु

नेवाः अनलाइन न्युज
निश्चल्र २०७२ जेठ ३, आइतबार

वंगु वैशाख १२ गते व अनंलिपा वैशाख २९ गते वंगु तःभुखाचं पीडित नेपालमण्डल लागायापिनि राहत व उद्धारया निंतिं नीस्वनातःगु नेपालमण्डल राहत अभियानया इनापय् तःभुखाचं पीडितपिनिगु निंतिं वर्ल्ड नेवाः अर्गनाइजेशनं सच्छिखा छैं दयेकाबीगु जूगु दु ।

लिसें, नेवाः वर्ल्ड अर्गनाइजेशनं थ्वसिबें न्ह्यः नं राहतया निंतिं नेपालमण्डल राहत अभियानयात आर्थिक ग्वाहालि यायेधुंकूगु दु । अर्गनाइजेशनया प्रतिनिधि स्वयम्भूधर तुलाधरजुं वंगु शनिवाः राहत अभियानयात उगु आर्थिक ग्वाहालि लःल्हानादीगु खः । हलिंन्यंकंया नेवाःतय् कुसा संगठन वर्ल्ड नेवाः अर्गनाइजेशनं थःगु नेपाल शाखापाखें थ्वसिबें न्ह्यः नं पांगा, सक्व, लुँभु व सिद्धिपुरया भुखाचं पीडितपिंत राहत सामग्री इनेधुंकूगु दु ।

यक्तिगत कुतलय् नं १५० खा छैं अथेहे नेपालमण्डल राहत अभियानया इनाप कथं अमेरिकाय् च्वनाच्वंम्ह नेवाः सुदिन श्रेष्ठं नं येँय् भुखाचं पीडितपिंत १५० खा छैं दयेकाबीगु जूगु दु ।

थुकिया निंतिं भाजु श्रेष्ठ कन्हय् वा कंस हे नेपाः थ्यंकःवइगु जूगु दु ।




# समाजसेवी टीकाराम महर्जनलाई पुत्र वियोग

**कीर्तिपुर सन्देश**

कीर्तिपुर इच्छे टोल निवासी समाजसेवी टीकाराम महर्जनलाई पुत्र वियोग परेको छ ।

करीव २ वर्ष पहिले जीवन संगिनी गुमाउनु भएका समाज सेवी टीकाराम महर्जनले बुढेशकालको सहाराको रुपमा रहेको एक्लो छोरा विश्वराम महर्जनलाई पनि गुमाउनु भएको छ । श्रीमती छउन्जेल इटाछैंमा बस्दै आउनु भएको टीकाराम महर्जन श्रीमतीको काजक्रिया सकिए पछि छोरा सँगै नयाँबजारमा बस्न आउनु भएको थियो । नयाँबजार मा बस्न आउनु भएको एक वर्ष नबित्दै उहाँलाई पुत्र वियोग परेको छ ।

२०१७ साल भाद्र ४ गते जन्मनु भएका उहाँको एक्लो छोरा विश्वराम



महर्जन बुटवल-तिनाउ नदी नियन्त्रण परियोजनाको इन्जिनियर हुनुहुन्थ्यो । कामको सिलसिलामा भैरहवामा रहँदा त्यहीं हृदयाघात भई बैशाख ३० गते उहाँको निधन भएको थियो । उहाँका श्रीमती जुल्कुमारी महर्जन र विवाहित छोरी रीना महर्जन हुनुहुन्छ । उहाँको शबलाई आर्यघाटमा ल्याई दाह संस्कार गरिएको थियो ।

गुणस्तरीय निर्माण सामग्रीगरु सुपथ मुल्यमा
हाम्रा सेवाहरु • डन्डी • बाँस • ईट्टा • रोडा • बालुवा • सिमेन्ट
सम्पर्क : बालकुमारी सप्लायर्स पाँगा, हनुमानघाट
प्रोप्राइटर सुरेन्द्र महर्जन
फोन : ९८४३९३४५३३, ९८०३५२३७५७, ४३३५४७६

## बिचाः हायेका

जन्मः २०२८ फागुण



निधनः २०७२ जेठ २ गते

स्व. इलेन्द्र महर्जन

थुगु धुसिटोल बिचाः गुथिया सदस्य **इलेन्द्र महर्जन** बैशाख १२ व २९ गतेया भुखाचं पिडीतपिन्त राहत सम्बन्धी ज्या याना च्वंच्वं हे करन्तं ज्वना वंगु २०७२ जेठ २ गते शनिवार दिनय् मत्यवं मदुगुलिं मदुम्हेसिया सुखावति भुवनय् बास लायेमा धकाः श्रद्धाञ्जली देछासे थुगु दुःखया इलय् सकल छेंजःपिन्सं मनचिइ फयेमा धका बिचाः हायेका च्वना ।

**धुसिटोल बिचाः गुथि**

**धुसि, पाँगा**

## हार्दिक श्रद्धाञ्जली

जन्मः २०१७/०५/०४



निधनः २०७२ बैशाख ३०

स्व. विश्वराम महर्जन

थुगु नयाँबजार तगःवपि गुथिया जः **विश्वराम महर्जन** वंगु बैशाख २९ गते बहनि भैरहवाय् हृदयाघात जुया मदुगुलिं जिपिं मर्माहट जुया । वय्कःया आत्माया चिरशान्तिया कामना यासें श्रद्धाञ्जली देछासें थुगु दुःखया इलय् दुःखंकःपिं सकल छेंजःपिन्सं मनचिइ फयेमा धकाः बिचाः हायेकाच्वना ।

**नयाँबजार तगःवपि गुथि**

**नयाँबजार, कीर्तिपुर– १७**

# उषा तुलाधरद्वारा जस्तापाता सहयोग

गत बैशाख १२ गते र २९ गते आएको विनाशकारी महाभुकम्पले देशका अरू ठाउँमा जस्तै पाँगाका थुप्रै घरहरू तहस नहस पारि दिएको छ ।

यस विपदको अवस्थामा पाँगासँग राम्रो चिनजान भएका र अलिकति मात्र पनि नाता पर्ने सक्षम व्यक्तित्वहरु र संघ संस्थाले आ-आफ्नो तवरबाट सहयोग जुटाईरहनु भएको छ। पाँगा ढोकाफलकी चेली स्व.चन्द्रमाया महर्जनकी छोरी उषा तुलाधरले पनि पाँगा वडा नं.१२ का भुकम्पले घरबार विहिन हुनुभएकाहरुलाई अर्को विकल्प नभएसम्म टहरा बनाई बस्न विपद व्यवस्थापन समिति वडा नं.१२ लाई २८ बण्डल जस्तापाता सहयोग स्वरुप प्रदान गर्नु भएको छ ।

त्यस्तै जनसेवा उच्च मा. वि. व्यवस्थापन समितिका सल्लाहकार रोटरी क्लब अफ् मिडटाउनका डा. चन्द्रलेखा तुलाधरले पनि १२ नं वडाका भूकम्पमा परी घरवार विहिन हुनु भएकाहरुको लागि टहरा बनाउन १०० थान जस्तापाता सहयोग स्वरुप प्रदान गर्नु भएको छ ।

साथै उहाँले गत शनिवार ३०० जना भूकम्प पिडितहरुलाई खाना खुवाउनु भएको छ ।

डा. चन्द्रलेखा तुलाधरले वडा नं.१० र ११ मा पनि ४० थान जस्तापाता र १२५ थान कम्बल वितरण गर्नु भएको थियो ।

# राहतको काम गर्दागर्दै पांगाका इलेन्द्र महर्जनको निधन



पाँगा ढोकाफल निवासी स्व. सेती नारायण महर्जनको कान्छो छोरा इलेन्द्र महर्जनको गत जेठ २ गते निधन भएको छ । कान्छाको नामले चिनिने इलेन्द्र महर्जन धुसिस्थित कमल पोखर ीनिर भुकम्प पिडितहरुको

टहरा बनाईरहनु भएको थियो । टहराको काममा वाइरिंग गर्दै गर्दा पानी पऱ्यो । काम बन्द भयो ।

वाइरिंग गर्न ल्याएको बिजुलीको तार झिकेर ठीक ठाउँमा राख्न खोज्दा करेन्ट लाग्यो ।

उहाँलाई अस्पताल पुऱ्याइएको थियो । तर डाक्टर ले मृत घोषणा गरिदियो । उहाँको शबलाई आइतवार परम्परा अनुसार डाह संस्कार गरिएको छ ।

४३ वर्षिय कान्छाको एक छोरा र एक छोरी, श्रीमती देव लक्ष्मी महर्जन हुनुहुन्छ ।

उहाँ पछिल्लो समयमा दे क्वय कमल पोखरी नजिकै बस्दै आइरहनु भएको थियो ।

# जनसेवा उच्च मा.वि.मा रातो र हरियो स्टिकर






विगत बैशाख १२ गते र बैशाख २९ गते गएको महाभुकम्पमा परी भत्केको र चर्केको घरलाई बस्ना हुने र नहुने गरी जाँच पडताल गर्न कीर्तिपुर नगरपालिकामा कीर्तिपुर इन्जिनियरिंग सोसाईटीलाई कीर्तिपुर नगर पालिकाले जिम्मा दिइएको थियो ।

पहिलो भूकम्प आएको केही दिन पछि नै कीर्तिपुर इन्जिनियरिंग सोसाईटीका इन्जिनियरहरुको खुब चहल पहल देखिएको थियो । टोल टोलमा गई घर निरिक्षण गरी फार्म भरि लगेका थिए । तर त्यो घरमा बस्न हुने नहुने केही पनि लेखेर दिइएन अर्थात् घर धनीलाई र घरमा कुनै प्रमाण छोडिएन । यसले गर्दा उक्त संस्था आधिकारीक हो कि होइन भन्ने थाहा पाउन सकिएन । यस सम्वाददाताले कीर्तिपुर नगरपालिकाको एक जना इन्जिनियरसँग सो विषयमा सोध्दा कीर्तिपुर इन्जिनियर समाजलाई नगरपालिकाले नै काम दिइएको थियो । अनि स्टीकर किन टाँसेन ? घर धनीलाई कुनै पनि प्रमाण किन नदिएको भन्ने सवालमा भने आफु अनभिज्ञ रहेको बताउनु भयो ।

यसै सन्दर्भमा पाँगा इचाखेलस्थित जनसेवा उच्च मा.वि. ले भवन निरिक्षण गर्न जिल्ला शिक्षा कार्यालयमा पत्राचार गऱ्यो । सो अनुरोध अनुसार जिल्ला शिक्षा कार्यालयबाट खटिएका इन्जिनियरहरुले जनसेवाको भवन निरीक्षण पश्चात भुईं तल्लामा कक्षा संचालन गर्न योग्य भनेर हरियो स्टीकर टाँसे र दोस्रो तल्लामा आषाढ महिनासम्मको लागि कक्षा संचालन नगर्नु भनेर रातो स्टीकर टाँसेर गयो । यसबाट पाँगालीहरुले इन्जिनियर समाजको काम अधुरो रहेको भन्ने अनुमान गरिएको छ ।

# हार्दिक श्रद्धाञ्जली

जन्म:
बि.सं.
२०१७/०५/०४



निधन:
२०७२ बैशाख ३०

**स्व. विश्वराम महर्जन**

यस कलेजका संस्थापक सदस्य श्री टीकाराम महर्जनका सुपुत्र तथा शिक्षिका रीना महर्जनका पुज्यनीय पिता **विश्वराम महर्जन**को गत बैशाख २९ गते बेलुका आफ्नै क्वार्टरमा हृदयाघाट ५५ वर्षको उमेरमा निधन भएकोले दिवंगतको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस् भनी समवेदना व्यक्त गर्दछौं ।

**सहिद स्मारक कलेज**

नयाँबजार, कीर्तिपुर – ३

# हार्दिक श्रद्धाञ्जली

जन्म:
बि.सं. १९८३



निधन:
२०७२ बैशाख २७

स्व.नरबहादुर महर्जन

कीर्तिपुर सन्देश साप्ताहिकका स्तम्भकार की.न.पा. वडा नं. १७ टाउनप्लानिंग नयाँबजार निवासी अशोक शोकीको पुज्यनीय पिता **नरबहादुर महर्जन**को ८९ वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कीर्तिपुर सन्देश साप्ताहिक परिवार**
**निखासी, नयाँबजार, कीर्तिपुर-३**